मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ९२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन ५ गते मंगलबार (Tuesday, 17 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## लुटिएको पेस्तोल र गोली बरामद

**झापा, फागुन ४।** जेन-जी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय अनारमनीबाट लुटिएका एक थान पेस्तोल र ४० राउन्ड गोलीसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कनकाई नगरपालिका-८का २२ वर्षीय सुजय राजवंशी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खगेन्द्रबहादुर खड्काले जानकारी दिए । स्थानीय तुलबहादुर थापा मगरको घरमा अवैध हातहतियार र लागूऔषध लुकाइछिपाइ राखेको भन्ने विशेष सूचनाका आधारमा

(बाँकी अन्तिम पृष्ठमा)

## कोशीमा भयावह बन्दै सवारी दुर्घटना



**मोरङ, फागुन ४।** कोशी प्रदेशमा सवारी दुर्घटना चिन्ताजनक रूपमा बढ्दै गएको देखिएको छ । माघ महिनामा मात्रै ५७९ वटा सवारी दुर्घटना हुँदा ५४ जनाले ज्यान गुमाएका छन् भने ८ सय ७७ जना घाइते भएका छन् । दुर्घटनामा ८५० सवारीसाधन क्षतिग्रस्त भएका छन् ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका अनुसार पछिल्ला तीन महिनादेखि दुर्घटनामा मृत्यु हुनेको संख्या निरन्तर बढ्दो क्रममा छ । मंसीरमा ३२ जना र पुसमा ३७ जनाको मृत्यु भएकोमा माघमा यो संख्या बढेर ५४ पुगेको हो । तीन महिनाको अवधिमा मात्रै एक सय २३ जनाको ज्यान गएको तथ्यांकले सडक सुरक्षाको अवस्था कमजोर बन्दै गएको संकेत गरेको छ ।

कार्यालयका प्रवक्ता डीएसपी सन्तोष श्रेष्ठका अनुसार दुर्घटनाको प्रमुख कारण चालकको लापरबाही नै देखिएको छ । माघ महिनामा भएका कूल दुर्घटनामध्ये ४३७ वटा अर्थात् ७५.५५ प्रतिशत दुर्घटना चालककै कारण भएका हुन् । तीव्र गति, ट्राफिक नियम उल्लंघन, जथाभावी ओभरटेक, मादक पदार्थ सेवन गरी सवारी चलाउने, अनुभवको कमी तथा सावधानी नअपनाउने प्रवृत्तिले दुर्घटना बढाएको प्रहरीले जनाएको छ ।

त्यसैगरी यान्त्रिक गडबडी, ब्रेक फेल, ओभरलोड तथा टायर पन्चरका कारण ३५ वटा (६ प्रतिशत) दुर्घटना भएका छन् । यात्रुको असावधानीका कारण ६२ वटा ( १०.७ प्रतिशत), सडकको खराब अवस्थाका कारण ३९ वटा (६.७ प्रतिशत), मौसम तथा चौपायाका कारण ३/३ वटा दुर्घटना भएको तथ्यांकमा उल्लेख छ ।

कोशी प्रदेश ट्राफिक प्रहरी प्रमुख एसपी दीपक गिरीले दुर्घटना न्यूनीकरणका लागि ट्राफिक निगरानी र कारबाहीलाई तीव्र बनाइएको बताए । माघ महिनामा मात्रै ट्राफिक नियम उल्लंघन गर्ने ७,८४१ सवारीसाधनलाई कारबाही गरिएको छ । ती सवारीसाधनबाट ७९ लाख २७ हजार ५ सय रुपैयाँ राजश्व संकलन भएको प्रहरीले जनाएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

सातौं झापा गोल्डकप

# देशकै सर्वाधिक राशिको उपाधि मच्छिन्द्रलाई

**झापा, फागुन ४।** मच्छिन्द्र फुटबल क्लब काठमाडौले सशस्त्र प्रहरीको एपीएफ फुटबल क्लबलाई ३-१ गोल अन्तरले पराजित गर्दै सातौं झापा गोल्डकपको उपाधि हात पारेको छ ।

अधिकांश झापाली खेलाडी सहभागी मच्छिन्द्रले पहिलोपटक झापा गोल्डकपको उपाधि हात पारेको हो । उपाधिसँगै मच्छिन्द्रले नगद १५ लाख रुपैंयाँ प्राप्त गरेको छ । एपीएफले भने ७ लाख ५० हजार रुपैयाँमा चित्त बुझायो । यस बर्षको सबैभन्दा बढी पुरस्कार राशि भएको प्रतियोगिता झापा गोल्डकप हो । खेलको ३१औं मिनेटमा मच्छिन्दले अग्रता बनायो ।

मच्छिन्द्रका स्ट्राइकर प्रदीप बुढाथोकीले बिदेशी खेलाडी अयोला हमजातको पासमा गोल गरेका थिए । बिपक्षी पोष्टको बाँया बार च्याप्दै गरेको उनको प्रहार गोल भएको थियो । एपीएफमाथि पहिलो हाफमा लगातार दवाव कायम राखेको मच्छिन्द्रले अर्को गोल पहिलो हाफको ४५औं मिनेटमा लगायो । देबेन्द्र तामाङको लामो प्रहारलाई मच्छिन्द्रका फ्रयाङ्क अनोहले गोल गर्न सफल भएका थिए ।

खेलको ८३औं मिनेटमा मच्छिन्द्रले अर्को गोल थप्यो । मच्छिन्द्रका अयोला हमजातको कर्नर प्रहारमा डिफेण्डर अलिसन अलिजोनोभले गोल गर्न सफल भए । पहिलो हाफमा २-० गोल अन्तरले पछाडि परेको एपिएफले दोस्रो हाफमा मच्छिन्द्रमाथि दवाव दिएको थियो । खेलको ८२औं मिनेटमा एपीएफले एक गोल फर्कायो । बिश्वास उदासको फ्रि किकलाई मच्छिन्द्रका डिफेण्डरले क्लियर गर्न नसकेको बललाई एपीएफका दीपेश धिमालले सुन्दर गोल गरे ।

खेलको ७६औं मिनेटमा एपीएफ १० खेलाडीमा सीमित भयो । डिफेण्डर मानबहादुर राना मगर दोहोरो पहेंलो कार्डका कारण रातो कार्ड पाउँदै मैदानबाट बाहिरिएपछि एपीएफले खेलमा दवावको सामना गरेको थियो । खेलको




प्लेयर अफ द म्याच बिजेता टिम मच्छिन्द्रका प्रदीप बुढाथोकी घोषित भए । उनले नगद २५ हजार रुपैंयाँ पुरस्कार पाए । प्रतियोगितामा टिकट काटेर फुटबल हेर्ने दर्शकमध्ये गोलाप्रथाबाट बिर्तामोडकी प्रिती मोक्तानले यामाहा कम्पनीको एकथान स्कुटर पाइन् ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी मच्छिन्द्रका पेमा तामाङ भए । उनले यामाहा कम्पनीको एकथान मोटरसाइकल पाए । बेष्ट गोलकिपर मच्छिन्द्रका बिशाल श्रेष्ठ, बेष्ट कोच मच्छिन्द्रकै प्रवेश कटवाल, हाई स्कोरर मच्छिन्द्रका जोनाथन जोरिल्ला भए । उनीहरुले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाए ।

बिजेता तथा उपविजेतालाई प्रमुख अतिथि अखिल नेपाल फुटबल संघका अध्यक्ष पंकजविक्रम नेम्वाङ, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, बिर्तामोड नगरप्रमुख पवित्रा महतारा प्रसाईं, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक बसुन्धरा खड्का, किंग्सबेरी इन्टरटेन्मेन्टका जानु धिताल र जमुना धिताल, अन्तर्राष्ट्रिय झापाली समाजका उपाध्यक्ष नवीन पोखरेल, भद्रपुर झापा गोल्डकपका अध्यक्ष दीपेश ढकाल, आयोजक झापा गोल्डकपका अध्यक्ष केदार गिरीलगायतले पुरस्कार वितरण गरेका थिए ।

झापा गोल्डकपका वरिष्ठ उपाध्यक्ष गजेन्द्र पौडेलले स्वागत गरेको कार्यक्रममा खेलकुद क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिलाई सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए ।

प्रतियोगितामा नेपालका तीन बिभागीय क्लब नेपाल पुलिस, सशस्त्र प्रहरीको एपीएफ क्लब, त्रिभुवन आर्मी क्लब, मच्छिन्द्र फुटबल क्लब, लालीगुराँस एशोसिएशन पोखरा, चर्च ब्वाईज युनाइटेड, आयोजक झापा-११ तथा भारतको सिङलिङ स्पोर्टिङ क्लब, भुटानको आरटीसी भुटान र मलेशियाको एन पेनाङ एफसीको सहभागिता रहेको थियो ।

## मापसे गरेर स्कूल बस चलाउँदा..

### लागूऔषधसहित ६ जना पक्राउ

**काठमाडौं, फागुन ४।** मादक पदार्थ सेवन गरी स्कूल बस चलाउने पाँच जना चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

कास्कीका विभिन्न स्थानमा चल्ने स्कूल बस चालकहरूले मापसे गरी चलाउने गरेको गुनासो आएपछि प्रहरीले चेकिङ शुरु गरेको थियो ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा माउन्ट हेभन बोर्डिङ स्कूलका चालक आनन्द परियार, कुमुदिनी होम्स बोर्डिङका गौतम गुरुङ र बिन्देश्वरी स्कूलका भक्तबहादुर गुरुङ रहेका छन् । यस्तै अञ्जली बोर्डिङका डम्बरबहादुर गुरुङ र एसओस बोर्डिङका चालक पदम विकलाई मापसे गरेको अवस्थामा नियन्त्रणमा लिइएको प्रहरी नायव उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिए ।

यता मोरङको बिराटनगर महानगरपालिका-१५स्थित एक नम्बर ढाटबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ४ ग्राम ८ सय ३० मिलिग्रामसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा उर्लाबारी-३ मंगलबारे बस्ने २२ वर्षीय अमित धिमाल र २७ वर्षीय रवीन लिम्बू रहेका छन् । इलाका प्रहरी कार्यालय रानी र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बिराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको बा.९८प ७२१३ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो ।

त्यस्तै, सुनसरीको धरान उपमहानगरपालिका-९ बगैंचा लाइनबाट नियन्त्रित लागूऔषध स्पास्मो प्रोक्सिभन ३ सय ६० ट्याब्लेटसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा धरान उपमहानगरपालिका-१९बस्ने २८ वर्षीय विकाश बुढाथोकी, ४१ वर्षीय हेमन्त लामा र कोशी गाउँपालिका-५ कुमयाही बस्ने दुई जना १८ वर्षीय किशोरहरू रहेका छन् । वडा प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो ।

## घरजग्गा कारोबारबाट पाँच अर्ब राजश्व

**काठमाडौँ, फागुन ५।** गत माघ महिनामा देशभरका मालपोत कार्यालयहरुले रु. पाँच अर्ब नौ लाख २४ हजार राजस्व सङ्कलन गरेका छन् ।

गतपुसमा रु. पाँच अर्ब १७ करोड ३२ लाख राजश्व

(बाँकी अन्तिम पृष्ठमा)

प्रतिनिधिसभा निर्वाचन

# 'विभेदपूर्ण' तरिकाले मतदान अधिकृत खटाइँदै

**पार्थ मण्डल**

**झापा, माघ ४।** झापामा विभेदपूर्ण तरिकाले मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउन लागेको भन्दै कर्मचारी तहबाटै गुनासाहरू बाहिर आएको छ ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापाका मतदान केन्द्रहरूमा खटाउने कर्मचारी तथा शिक्षकको नामावलीसहितको विवरण मुख्य निर्वाचन अधिकृतको कार्यालय भद्रपुरले तयार पारी क्षेत्रगत निर्वाचन अधिकृतको कार्यालयहरूमा पठाइसकेको छ ।

अहिले मुख्य निर्वाचन अधिकृतको कार्यालय र क्षेत्रगत निर्वाचन अधिकृतको कार्यालयहरूले त्यही विवरण अनुसार मतदान अधिकृत र सहायक मतदान अधिकृतको सूची तयारी पारिरहेको जनाइएको छ ।

सूचीमा निजामती कर्मचारी तहबाट मतदान अधिकृत र सहायक मतदान अधिकृत छनौट प्रक्रियामा बिभेद भएको भन्दै कर्मचारी निकट ट्रेड युनियनहरूले आवाज उठाएका छन् ।

संघीय निजामती सेवा ऐन र प्रदेश निजामती सेवा ऐन अनुसार मतदान अधिकृत र सहायक मतदान अधिकृत तोकिने विषयमा विभेद भएको देखिन्छ । संघीय निजामती सेवा ऐन नआएको अवस्थामा कर्मचारीको श्रेणी तोकिएको छैन । प्रदेश निजामती सेवा ऐन जारी भइ कर्मचारीको श्रेणी तोकिएको अवस्था छ ।




अहिले मतदान अधिकृतमा सुब्बा तहका छैटौं श्रेणी भएका मतदान अधिकृत तोकिँदैछ । तर, संघीयमा कार्यरत सुब्बा तहका कर्मचारीका श्रेणी नहुँदा ती कर्मचारीलाई सहायक मतदान अधिकृत तोकिँदैछ । संघमा १५ वर्षसम्म सेवा प्रदान गर्ने सुब्बा कर्मचारी छन् ।

प्रदेशमा पाँच वर्ष पूरा गर्ने बित्तिकै छैटौं श्रेणी तोकिन्छ । सेवा अवधि अनुसार सिनियर सुब्बा तहका कर्मचारीलाई तल्लो पदमा सहायक मतदान अधिकृतमा तोकेर खटाउन खोज्दा समस्या देखिएको नेपाल निजामती कर्मचारी संगठन झापाका अध्यक्ष हिरण्य न्यौपानेले बताए । यी समस्याहरू अन्य जिल्लाहरूमा पनि

संघीय निजामती सेवा ऐन जारी नहुँदा यो समस्या देखिएको बताउँदै अध्यक्ष न्यौपानेले भने- यस बारेमा साथीहरूबाट आवाज उठेकोले यस बारेमा जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय झापाको ध्यानाकर्षण गराइसकेका छौं ।

ऐनका कारण कर्मचारीमाथि विभेद हुनु हुँदैन ।

'निर्वाचन सफल बनाउन आपसी समझदारी गरी सम्बन्धित निकायले मतदान अधिकृत र सहायक मतदान अधिकृत तोक्नुपर्छ'- उनले थपे । नेपाल निजामती कर्मचारी युनियन झापाका अध्यक्ष लक्ष्मी दाहालले निर्वाचन अधिकृतहरूको मतदान स्थलहरूमा कार्यालय जनशक्ति खटाउने कर्मचारीको विवरण सार्वजनिक नगरेको र यस बारेमा अहिलेसम्म गुनासाहरू आएको छैन । 'विभेदको विषयमा गुनासाहरू नामावली सार्वजनिक भएपछि आउन सक्छन्'- अध्यक्ष दाहालले भने- 'यस बारेमा हाम्रो ध्यानाकर्षण भयो, यस बारेमा अन्य आधिकारिक ट्रेड युनियनहरूका अध्यक्षहरूसँग छलफल गरी संयुक्त रुपमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने छौं ।'

त्यस्तै नेपाल राष्ट्रिय कर्मचारी संगठन झापाका अध्यक्ष रामचन्द्र बस्नेतले संघीय र प्रदेशको ऐनका कारण विभेदपूर्ण तरिकाले कर्मचारी खटाउन लागेको विषयमा संगठनभित्रकै साथीहरूबाट गुनासाहरू आएको बताएका छन् । सरकारले संघीय ऐन नल्याउँदा केही साथीहरू समस्या परेको बताउँदै अध्यक्ष बस्नेतले भने- 'यस बारेमा मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई जानकारी गराइसकेका छौं, अब यी समस्याको बारेमा केही निचोड पक्कै निस्किन्छ ।'

निर्वाचन आयोगको प्रतिनिधिसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका २०८२

(बाँकी अन्तिम पृष्ठमा)

## निर्वाचन प्रचार फागुन १८ गतेसम्म



**काठमाडौँ, फागुन ४।** प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सोमवारदेखि औपचारिक रुपमा प्रचार-प्रसार गर्न पाइने भएको छ ।

मतदान हुने दिनभन्दा १५ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसार अन्तर्गत जुलुस, आमसभा, कोणसभा गर्न र सञ्चारमाध्यममा आफ्नो निर्वाचन सम्बन्धी सामग्री प्रकाशन वा प्रशारण गर्न सकिने व्यवस्था छ ।

सोही व्यवस्था अनुसार फागुन १८ गते राति १२ बजेसम्म राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन प्रचार-प्रसार गर्न सक्ने छन् । निर्वाचनको निष्ठालाई उच्च प्राथमिकतामा राखेर दल तथा उम्मेदवार एवम् अन्य सरोकारवाला सबैले निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचन प्रचार-प्रसार गर्न सक्ने जनाइएको छ । सोही व्यवस्थाभित्र रहेर राजनीतिक दलका उम्मेदवारले औपचारिक रुपमा मतदातासमक्ष मत माग्न पाउनेछन् ।

आयोगले आचारसंहिता कार्यान्वयन तथा अनुगमनमा विभिन्न संयन्त्र परिचालन गरिरहेको छ । राजनीतिक दल तथा उम्मेदवारहरूलाई आचारसंहिता उल्लंघन भएको बारे पत्र काटेर स्पष्टीकरण सोध्ने, कानूनी कारबाहीका लागि अघि सर्नुपर्ने अवस्था नआओस् भन्ने स्पष्ट पारेको छ । आचारसंहिता राजनीतिक दल एवम् सरोकारवाला पक्षहरूसँग व्यापक विचार-विमर्श गरेर

(बाँकी अन्तिम पृष्ठमा)

**प्रजातन्त्र दिवस भव्यतापूर्वक मनाऔं ।**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो ।
- शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन प्रजातन्त्रको आधार हो ।
- मेलमिलाप र शान्ति प्रजातन्त्रका आधार हुन् ।
- प्रतिनिधिमार्फत शासनमा नागरिकहरुको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो ।

प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं ।
राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# एमालेका उम्मेदवार जिताउन २२ संयोजक परिचालन

**झापा, फागुन ४।** झापामा एमालेका उम्मेदवारहरुलाई बिजयी गराउन जिल्लाभर २२ जना संयोजक परिचालन गरिएको छ ।

मुक्ति समाज नेपालले जिल्लादेखि पालिका तहसम्म समन्वय कमिटी बनाउँदै २२ जनालाई संयोजकको जिम्मेवारी दिएको हो । बिर्तामोडमा आयोजित जिल्लास्तरीय भेलाबाट जिल्ला, क्षेत्र र पालिका तहमा निर्वाचन समन्वय कमिटी बनाएको झापा जिल्ला अध्यक्ष रमेश गजमेरले जानकारी दिए ।

भेलाले सोमनाथ पोर्तेलको संयोजकत्वमा १८ सदस्यीय जिल्लास्तरीय प्रचारप्रसार कमिटी गठन गरेको छ । यस्तै, भेलाले ५ वटै निर्वाचन क्षेत्र र १५ पालिकाहरुमा संयोजकहरु तोकेको छ । झापा क्षेत्र नं. १को संयोजकमा निरु परियार, क्षेत्र नं. २मा भोला परियार, क्षेत्र नं. ३मा रवीन गन्धर्व, क्षेत्र नं. ४मा दलबहादुर विश्वकर्मा र क्षेत्र नं. ५को संयोजकमा काशी खातीलाई संयोजकको जिम्मेवारी प्रदान गरिएको अध्यक्ष गजमेरले जानकारी दिए ।

यस्तै, मेचीनगरको संयोजकमा नारायण बराइली, अर्जुनधारामा नारायण दर्जी, बिर्तामोडमा गोपाल लकान्द्री, कनकाईमा गंगा गजमेर, भद्रपुरमा नरेश परियार, शिवसताक्षीमा जीतबहादुर ठटाल, गौरादहमा डम्बर विक, दमकमा टीकाराम बयलकोटी, बुद्धशान्तिमा भीम धमला, कचनकवलमा जीवन ठटाल, बाह्रदशीमा गोपाल दर्नाल, हल्दिवारीमा मणिकुमार शंकर, झापा गापामा बिनोद बराइली, गौरीगञ्जमा सुनिता पासवान र कमलमा हिमा नेपालीलाई संयोजकको जिम्मेवारी दिइएको छ । कमिटीको सदस्यहरुमा पालिका सदस्यहरु, वडा सदस्यहरु र जनप्रतिनिधिहरु परिचालन गरिने जनाइएको छ ।

एमाले केन्द्रीय सदस्य जीतु गौतमको संयोजकत्वमा अनुगमन कमिटी गठन गरिएको छ । अनुगमन कमिटीको सदस्यहरुमा बिमला विश्वकर्मा, जसमाया गजमेर, मोहन विक रहेका छन् । एमालेका सबै उम्मेवारीहरुलाई विजयी गराउने निर्णयसहित भेला सम्पन्न गरिएको जनाइएको छ ।

# चापागाँईले शहीदलाई माल्यार्पण गर्दै शुरु गरिन् चुनावी अभियान



**झापा, फागुन ४।** नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट झापा क्षेत्र नं. २का उम्मेदवार धर्मशिला चापागाँईले सोमवारबाट चुनाव केन्द्रित घरदैलो अभियान शुरू गरेकी छन् । इलाम र झापाको संगमस्थलमा रहेको सुखानीबाट उनले चुनावी अभियान शुरू गरेकी हुन् ।

सुखानीमा आयोजित एक कार्यक्रमका बीच त्यहाँ रहेका झापा विद्रोहका शहीदहरुको शालिकमा माल्यार्पण गरी घरदैलो कार्यक्रम शुरु गरिएको निर्वाचन परिचालन समिति संयोजक हरिकुमार रानाले जानकारी दिए ।

शहीदहरूको बलिदानका कारण आज मुलुक यहाँ छ- चापागाँईले भनिन्- शहीदहरूको बाँकी सपना पूरा गर्न यस क्षेत्रबाट मेरो उम्मेदवारी रहेको छ र त्यो मेरो भोलिको कार्यभार हुनेछ । माओवादी आन्दोलनको जगमा बनेको संविधान २०७२ले प्रत्याभूत गरेका अधिकारहरू पूर्ण कार्यान्वयन बाँकी रहेको र त्यसको पूर्णताका लागि फेरि आफू उम्मेदवार बन्नुपरेको चापागाँईले बताइन् । उनले आम मतदातालाई तारा चुनाव चिन्हमा मतदान गरी मुलुकलाई अग्रगमनतर्फ डोहोऱ्याउन सहयोग गर्न अपिल समेत गरिन् । उनले सुखानीमा रहेका झापा विद्रोहका शहीदहरु नेत्र घिमिरे, वीरेनसिंह राजवंशी, नारायण श्रेष्ठ, कृष्ण कुइँकेल र रामनाथ दाहालको शालिकमा माल्यार्पण गरेकी थिइन् ।

चापागाँई संविधानसभा सदस्य तथा पूर्वराज्य मन्त्री हुन् । उनले आइतबार पत्रकार सम्मेलन गरी २० बुँदे विस्तृत चुनावी प्रतिबद्धता-पत्र सार्वजनिक गरेकी थिइन् । सोही प्रतिबद्धता-पत्र लिएर आगामी १८ गतेसम्म मतदाताको घर-घरमा जाने चापागाँईले बताइन् ।

# नयाँ वर्षमा 'पहाड' प्रदर्शनको घोषणा

**काठमाडौं, फागुन ४।** वरिष्ठ निर्देशक तुलसी घिमिरे निर्देशित चलचित्र 'पहाड' आगामी नयाँ वर्ष अर्थात् वि.सं. २०८३ वैशाख १ गतेदेखि प्रदर्शन हुने भएको छ ।

युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक तथा आर्थिक समस्या चित्रण गरिएको चलचित्रको प्रदर्शन मिति वितरक तथा प्रदर्शकसँगको छलफलमा तय गरिएको निर्देशक घिमिरेले जानकारी दिए । उनले भने- मानव बसोबासविहीन बनेको उच्च पहाडको कथा चलचित्रमा समेटिएको छ, चलचित्रले हाम्रो दायित्व र देशको आवश्यकतालाई चित्रण गर्छ । चलचित्र हेरिरहँदा दर्शकले आफ्नोपन र आफ्नो कथा पाउनु हुनेछ । नयाँदेखि पुराना पुस्तासम्मलाई समेटेर काम गर्न पाउँदा उत्साहित छु ।

चलचित्र 'बलिदान'मा मदनकृष्ण श्रेष्ठ, 'चिनो'मा स्वर्गीय अभिनेता सुनिल थापासँग काम गरेका निर्देशक घिमिरेले नयाँ र पुरानो पुस्तासँगको सहकार्यले राम्रो नतिजा दिने विश्वास व्यक्त गरे । उनले समाजको तीतो यथार्थलाई चलचित्रमार्फत दर्शक समक्ष पुऱ्याउने बताए । ओजश्वी केसीले निर्माण गरेको उक्त चलचित्रलाई प्रशिद्ध छायाकार प्रमोद प्रधानले छायाङ्कन गरेका छन् ।




चलचित्रमा विपीन कार्की, सुनिल थापा, मदनकृष्ण श्रेष्ठ, रेनुनाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँ, सलोना बज्राचार्यलगायतका कलाकारले अभिनय गरेका छन् । निर्देशक घिमिरेले कान्छी छोरी पञ्चमी घिमिरेलाई यसै चलचित्रमार्फत अभिनेत्रीका रूपमा दर्शकसामु ल्याउँदैछन् ।

चलचित्रको प्राविधिक समूहमा निर्देशक घिमिरेकी जेठी छोरी भावना घिमिरेले 'प्रोडक्सन डिजाइनर'को जिम्मेवारी सम्हालेकी छन् । चलचित्रमा रञ्जित गजमेरले सङ्गीत दिएका छन् ।


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८२/११/५ गते

यस बैंकको तपशिलको ऋणी संस्थाले फिदिम शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : ओयाम बचत तथा ऋण सहकारी संस्था लि., रजिष्टर्ड ठेगाना : ओयाम-३, पाँचथर ।**
**हालको ठेगाना : याङ्वरक गा.पा.-३ ओयाम, पाँचथर दर्ता नं: ३/६३९/२०६९/०७०**

कर्जा उपभोग गर्दाको संचालक तथा जमानीकर्ताको विवरण

| | |
|---|---|
| **१) नाम : मनोज राई (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : पुर्ण बहादुर राई<br>बाजे : नर ध्वोज राई<br>ना प्र नं. : १३१७७<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर | **८) नाम : मान प्रकाश नुगो (संचालक सदस्य जमानीकर्ता)**<br>बाबु : देउ कुमार नुगो<br>बाजे : विष्णुलाल नुगो<br>ना.प्र.नं : ०२/६८/११०<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर |
| **२) नाम : भिमा न्यौपाने (उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु : प्रेमराज सिटौला<br>पति : खगेन्द्र न्यौपाने<br>ना.प्र.नं : ०२३००३/२०६<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर | **९) नाम : दिप्चन राई (संचालक सदस्य जमानीकर्ता)**<br>बाबु : टहलमान राई<br>बाजे : हंश बहादुर राई<br>ना.प्र.नं : ०२१००३/९७३८<br>ठेगाना : याङवरक-३, ओयाम पाँचथर |
| **३) नाम : सन्तोष सेलिङ्ग -उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु : प्रेमराज सेलिङ्ग<br>बाजे : नरध्वोज सेलिङ्ग<br>ना.प्र.नं : ०२३००३/२७४<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर | **१०) नाम : मिना कुमारी लिङ्देन (संचालक सदस्य)**<br>बाबु : अमृत बहादुर लिङ्देन<br>पति : पदम बहादुर लिङ्देन<br>ना.प्र.नं : ०५३०१७/३५९<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर |
| **४) नाम : महेन्द्र श्रेष्ठ (सचिव जमानीकर्ता)**<br>बाबु : देवी प्रसाद श्रेष्ठ<br>बाजे : भिम प्रसाद श्रेष्ठ<br>ना.प्र.नं : ५५६/६८<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर | **११) नाम : नैनमाया पोखेल (संचालक सदस्य जमानीकर्ता)**<br>बाबु : देवी प्रसाद कोइराला<br>पति : शिवलाल पोखेल<br>ना.प्र.नं : ६०७/९४<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर |
| **५) नाम : उमा दुलाल (सह-सचिव जमानीकर्ता)**<br>बाबु : राम बहादुर दुलाल<br>पति : प्रदिप न्यौपाने<br>ना.प्र.नं : ०२१०१५/५८७<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर | **१२) नाम : चन्द्रकला गुरुङ (संचालक सदस्य जमानीकर्ता)**<br>बाबु : नन्दलाल गुरुङ<br>पति : आइन्द्र गुरुङ<br>ना.प्र.नं : ०२३००३/१<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर |
| **६) नाम : प्रेम माया यवा (संचालक सदस्य जमानीकर्ता)**<br>बाबु : चन्द्र प्रसाद लिम्बु<br>पति : रामपाल सेलिङ<br>ना.प्र.नं : १३३<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर | **१३) नाम : गंगा मगराती (संचालक सदस्य जमानीकर्ता)**<br>बाबु : लक्ष्मी प्रसाद सार्की<br>बाजे : छविलाल सार्की<br>ना.प्र.नं : ०२३००३/१०५<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर |
| **७) नाम : कृष्ण भक्त न्यौपाने (संचालक सदस्य जमानीकर्ता)**<br>बाबु : मोहन कुमार न्यौपाने<br>बाजे : दिल बहादुर न्यौपाने<br>ना.प्र.नं : ८७४५<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर | **१४) नाम : विमल राई (व्यवस्थापक जमानीकर्ता)**<br>बाबु : छत्र बहादुर राई<br>बाजे : पदम सिंह राई<br>ना.प्र.नं : ०२३००३/५२७<br>ठेगाना : याङवरक-३ ओयाम, पाँचथर |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री नरलालको नाति श्री विष्णुलाल नुगोको छोरा पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं. ९ बस्ने **श्री देउकुमार नुगो** को नाममा मालपोत कार्यालय पाँचथरमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं.४क को कित्ता नं. १०४ को क्षेत्रफल ४-२-१-२ र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री लघमान नुगोको नाति श्री सुक ब.नुगोको छोरा पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं. १ बस्ने **श्री चन्द्रमान नुगो** को नाममा मालपोत कार्यालय पाँचथरमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं.४ग को कित्ता नं. ३७ को क्षेत्रफल ४-२-०-१, सोही वडा नं. ४ग को कित्ता नं. ५ को क्षेत्रफल ३-९-२-३, सोही वडा नं. ४ग को कित्ता नं. १० को क्षेत्रफल ७-३-३-० र सोही वडा नं. ४ग को कित्ता नं. ४७ को क्षेत्रफल ४-२-१-० र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. श्री गमनध्वज तङ्लवाको बुहारी श्री मैतसिङ ताङ्लवाको श्रीमति पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं. १ बस्ने **श्री धनमाया ताङ्लवा** को नाममा मालपोत कार्यालय पाँचथरमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं.७ ङ को कित्ता नं. १०४ को क्षेत्रफल १५-१४-२-२ र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४. श्री पुर्ण ब.योङ्याको नाति श्री दल प्र.योङ्याको छोरा पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं. ४ बस्ने **श्री शेशेहाङ योङ्या** को नाममा मालपोत कार्यालय पाँचथरमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं.३ग को कित्ता नं. ७३ को क्षेत्रफल १९-१३-३-१, सोही वडा नं. ३ग को कित्ता नं. ७५ को क्षेत्रफल ५-१०-१-१, र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

५. श्री भर्तलाल गुरुङको नाति श्री पुर्ख ब.गुरुङको छोरा पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं. १ बस्ने **श्री बेन बहादुर गुरुङ** को नाममा मालपोत कार्यालय पाँचथरमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं.१क को कित्ता नं. ५८ को क्षेत्रफल १८-५-०-२ र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

६. श्री खड्क धोज याङ्याको बुहारी श्री चन्द्र कुमार योङ्याको श्रीमति पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं. ५ बस्ने **श्रीमति विष्णु तुम्बापो** को नाममा मालपोत कार्यालय पाँचथरमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला फिदिम न.पा. वडा नं.२ख को कित्ता नं. ६८४ को क्षेत्रफल ०-४-०-० र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

७. श्री भर्तलाल गुरुङको नाति श्री रण ब.गुरुङको छोरा पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं. ३ बस्ने **श्री टहल बहादुर गुरुङ** को नाममा मालपोत कार्यालय पाँचथरमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला ओयाम गा.वि.स. वडा नं.१क को कित्ता नं. १५५ को क्षेत्रफल ९-१५-०-१ र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop


# 'आबाट आमा'को व्यापार ८ करोड ३१ लाख

**काठमाडौं, फागुन ४।** नायक पल शाह स्टारर फिल्म 'आबाट आमा'को व्यापार ८ करोड ३१ लाख पुगेको छ ।

चलचित्र विकास बोर्डले साप्ताहिक ब्रिफिङबाट सोमबार दिएको जानकारी अनुसार माघ १६ देखि फागुन २ गतेसम्म यो फिल्मले उक्त व्यापार गरेको हो । यो फिल्मका लागि तीन लाख १० हजारभन्दा बढी टिकट खरिद-बिक्री भएको बोर्डले जनाएको छ । पारिवारिक कथामा बनेको यो फिल्मका नायिकाहरु उषा उप्रेती र सिम्रन पन्त रहेका छन् ।




त्यस्तै, माघ २३ बाट प्रदर्शनमा आएका दुई लभस्टोरी फिल्म 'कुमारी' र 'रमिताको पिरती' हेर्न दर्शकहरु कम संख्यामा हलमा पुगेको देखिन्छ । 'कुमारी'भन्दा 'रमिताको पिरती'ले दर्शकबाट कम साथ पाएको छ । बोर्डका अनुसार दिनेश राउत निर्देशित 'कुमारी'का लागि १७ हजार टिकट बिक्री भएको छ ।

फागुन २ गतेसम्म यो फिल्मको ग्रस कलेक्सन ५६ लाख मात्रै पुगेको छ । सुदिप्ता निर्देशित 'रमिताको पिरती' को ग्रस कलेक्सन १९ लाख ४३ हजार मात्रै छ । यो फिल्म हेर्न ५ हजार ९३६ वटा टिकट बिक्री भएको छ ।

## कोशीमा ...

ट्राफिक प्रहरीले सचेतनामूलक कार्यक्रमलाई पनि प्राथमिकता दिएको जनाएको छ । एक महिनामा १ हजार चार सय ५१ वटा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरी २८ हजार सात सय ९७ जनालाई ट्राफिक नियम, सुरक्षित सडक प्रयोग, हेल्मेट तथा सिटबेल्टको प्रयोगलगायत विषयमा अभिमुखीकरण गरिएको छ ।

प्रहरीका अनुसार प्रदेशका १४ वटै जिल्लामा स्थानीय तह, शैक्षिक संस्था, यातायात व्यवसायी र समुदायसँग सहकार्य गर्दै सडक सुरक्षा अभियान सञ्चालन भइरहेको छ । तर, कारबाही र सचेतनामूलक कार्यक्रमका बाबजुद दुर्घटनाको दर उल्लेखनीय रूपमा घट्न सकेको छैन । ग्रामीण क्षेत्रमा साँघुरा तथा मर्मत नहुँदा बिग्रिएका सडक, पर्याप्त ट्राफिक संकेतको अभाव र चालकबीच तीव्र गतिमा सवारी चलाउने प्रवृत्ति दुर्घटना बढ्नुका प्रमुख कारणका रूपमा देखिएको छ ।

सरोकारवालाले दुर्घटना न्यूनीकरणका लागि चालक अनुमति-पत्र वितरण प्रक्रियामा कडाइ, सवारीसाधनको नियमित प्राविधिक परीक्षण, सार्वजनिक सवारी चालकको स्वास्थ्य परीक्षण तथा सडक सुरक्षा सम्बन्धी शिक्षा विद्यालय तहदेखि नै लागू गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

पछिल्लो तथ्यांकले कोशी प्रदेशमा सडक सुरक्षा चुनौतिपूर्ण बन्दै गएको स्पष्ट पारेको छ । दुर्घटना न्यूनीकरणका लागि राज्य, सरोकारवाला निकाय र सवारी चालक सबैको जिम्मेवार भूमिका आवश्यक रहेको देखिएको छ ।

## लुटिएको ...

प्रहरीले आइतबार छापा मारेको थियो ।

प्रहरीले उनका २२ वर्षीय छोरा सौगात थापामगरले घरपछाडि रहेको कुखुराको खोरमा प्लास्टिकको ड्रमभित्र लुकाइछिपाइ राखेको ९८९ एमएमको पेस्तोल एक थान र गोली ४० राउण्ड बरामद गरेको हो । घटनामा संलग्न सौगात भने फरार रहेको प्रवक्ता खड्काले जानकारी दिए । लुटपाटमा संलग्न राजवंशीलाई मुलुकी अपराधसंहिता २०७४ बमोजिम कारबाही हुने उनको भनाइ छ ।

## निर्वाचन ...

तर्जुमा गरिएको आयोगले स्मरण गराएको छ । आचारसंहिताको पूर्ण परिपालना गर्छौं भनेर सबै राजनीतिक दलहरूले प्रतिबद्धता जनाएका छन् ।

आचारसंहिता उल्लंघनका घटनामा आयोगले शून्य सहनशीलता नीति अवलम्बन गरेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए । उल्लंघनकर्तालाई आयोगले स्पष्टीकरण सोध्ने र उल्लंघनको प्रमाण तथा अवस्था हेरेर सचेत, दण्डजरिवाना तथा उम्मेदवारी खारेजीसम्म हुने कानूनी व्यवस्था छ ।

यसैगरी, दल र उम्मेदवारले तोकिएको मापदण्डका आधारमा पत्रपत्रिकाका साथै 'अनलाइन' सञ्चारमाध्यममा पनि विज्ञापनवाट प्रचारप्रसार गर्न सक्नेछन् ।

निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा प्रतिनिधिमार्फत निर्वाचन कार्यालयमा पेश गर्नुपर्नेछ ।

निर्वाचनका समयमा कुनै पनि दल वा उम्मेदवारबिरुद्ध तथा निर्वाचनलाई प्रतिकूल असर पार्ने उद्देश्यले सामाजिक सञ्जाल तथा अनलाइन माध्यमबाट एवम् सङ्गठित रूपमा निहीत राजनीतिक स्वार्थका लागि फैलाइने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति दिन नपाइने आयोगले उल्लेख गरेको छ ।

## विभेदपूर्ण ...

बमोजिम मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउँदा गाउँपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी वा उच्च माध्यमिक वा माध्यमिक तहका शिक्षकलाई मतदान अधिकृतमा खटाउने र कर्मचारी वा शिक्षक खटाउन नसकिने भएमा सोभन्दा एक तहमुनिको कर्मचारी वा शिक्षकलाई मतदान अधिकृतमा खटाउन सकिन्छ ।

त्यस्तै गाउँपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षकलाई सहायक मतदान अधिकृतमा खटाउने र कर्मचारी वा शिक्षक अपुग भएमा सोभन्दा एक श्रेणी वा तहमुनिको कर्मचारी वा शिक्षकलाई खटाउने व्यवस्था छ ।

साथै मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउँदा कर्मचारीको हकमा निजको घर ठेगानामा रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निज कार्यरत स्थान र निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी खटाउने व्यवस्था छ । तर, झापाको हकमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले आयोगको निर्देशिका विपरीत दुःख दिने उद्देश्यले क्षेत्र नै परिवर्तन गरी खटाएको अवस्था छ । क्षेत्र नम्बर ३ घर भएकालाई क्षेत्र ५मा, क्षेत्र ५ भएकालाई ३ खटाउँदा योपटक समस्या देखिएको छ । जसका कारण खटिने कर्मचारी र शिक्षकहरूले समेत असन्तुष्टि जनाएका छन् ।

यता सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईँले संघीय र प्रदेश ऐनका कारण निर्वाचनमा खटाउन लागेका सुब्बा तहका कर्मचारीमा यो समस्या देखिएको हो ।

कर्मचारीबाटै गुनासाहरू आएपछि यस बारेमा निर्वाचन अधिकृतहरूसँगको बैठकमा यसलाई समाधान गरी अघि बढ्ने विषयमा छलफल भइसकेको उनले बताए । 'उमेरको हकमा सिनियर सुब्बालाई जुनियरभन्दा तल राखेको खण्डमा सिनियरले यस बारेमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय जानकारी गराई ठाउँ परिवर्तन गर्न पाउँछ'- सहायक प्रजिअ प्रसाईँले भने ।

## घरजग्गा ...

सङ्कलन गरेकामा माघमा भने केही घटेको हो ।

देशभरको मालपोतको राजश्व सङ्कलनलगायतको विवरण राख्ने भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार घरजग्गाको कारोबार उल्लेख्य रुपमा बढ्न सकेको छैन । विभागका अनुसार गत माघ महिनामा कूल ५० हजार ८३७ लिखत पारित भएको छ । गतवर्षको तुलनामा यस वर्षको माघमा लिखत पारितको संख्यामा केही बढोत्तरी भएको छ ।

विभागका अनुसार गत माघमा सेवा करबापत रु. ३१ करोड ५८ लाख ७२ हजार ४ सय ८८, रजिष्ट्रेशन दस्तुर रु. दुई अर्ब ६८ करोड ६९ लाख ४२ हजार ५३२ सङ्कलन भएको थियो । त्यसैगरी पुँजीगत लाभकरबापत रु. एक अर्ब ९६ करोड ५५ लाख १२ हजार २६७ सङ्कलन भएको विभागले जनाएको छ ।


Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा
- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# फोहोर व्यवस्थापन गर

झापा कारागारबाट निस्कने फोहरजन्य र दुर्गन्धित पानी सोझै खेतीको जमिन हुँदै मानवबस्तीमा पुगेपछि त्यस क्षेत्रको जीवन कष्टकर बनेको छ । विगत १७ वर्षदेखि कारागारको फोहरजन्य पानी निरन्तर बाहिर आउँदा स्थानीयबासी भद्रपुर–९ की कालिका न्यौपानेले मनग्गे उत्पादन हुने अन्नको स्रोत बन्द भएको गुनासो गरेकी छन् । नागरिकको निजी र उत्पादनशील जमिनमा निरन्तर ढल बग्ने र जम्मा हुने गरेका कारण सो क्षेत्रको प्रदूषणको पीडा बेग्लै छ । न्यौपानेको एक विगाहभन्दा बढी जग्गामा कारागारबाट निस्किएको फोहर पानी जम्मा भएर जलकुम्भी फैलिएको छ । यसले सर्पदशंको जोखिम पनि बढेको स्थानीयले गुनासो गरेका छन् ।

भद्रपुर–९ स्थित झापा कारागार बनेको छ दशकभन्दा बढी भयो । कूल दुई सय पचास जनालाई राख्न सकिने गरी बनाइएको कारागारमा भौतिक संरचना थप गर्दै हाल सात सय पचास जना बस्न सक्ने छ । तर, हाल स्रोह सयभन्दा बढी कैदीबन्दी बस्नु पर्दा उनीहरुको बसाइ असुविधाजनक मात्र भएको छैन जीर्ण भवनका कारण अनेक सास्ती समेत भोग्नु परेको बताइन्छ । क्षमताभन्दा बढी कैदीबन्दी राखिएकोले ढलदेखि वर्षामा पानी चुहिने, शौचालय र फोहरमैलाजन्य असुविधाले कारागार स्थानान्तरण गर्नुपर्ने आवश्यकता देखिएको छ । त्यसका लागि जिल्ला प्रशासन कार्यालयका प्रमुख तत्कालीन प्रजिअ उदयबहादुर रानाको अगुवाईमा भद्रपुर–१० कलबलगुडीमा स्थानान्तरण गर्ने योजना पनि बनाइयो ।

फोहरमैला व्यवस्थापनका साथै आफू वरपरको वातावरणको गुणस्तर सुधार गर्नु सबैको कर्तव्य हो । त्यसका लागि प्राकृतिक संशाधनको प्रयोग, पुन:नवीकरण गर्न सकिने हदसम्म पुन:नवीकरण गर्ने संयन्त्र स्थापना गर्नुपर्छ । अझ नगरपालिका, शहर र शहरउन्मुख क्षेत्रभित्र जैविक विविधता संरक्षण तथा व्यवस्थापन गर्न विशेष रणनीति अवलम्बन गर्नुपर्छ । वातावरणमा हुनसक्ने जमिन, हावापानी र ध्वनी प्रदूषण नियन्त्रण गर्दै हाम्रा सन्तति, भविष्य, स्वास्थ्यको सुरक्षाका लागि वातावरणीय संरक्षणमा हामी सबैको जिम्मेवारी र भूमिका रहनु पर्दछ ।

पृथ्वी हाम्रो साझा घर हो । साझा घर बस्न योग्य भएन भने हामी कसैको जीवन र भविष्य सुरक्षित हुँदैन । वातावरणमा घात हुने विषादी र रासायनिक वस्तुको प्रयोग गर्नु केवल व्यक्तिगत हानी मात्रै होइन बरु यो ओजोन तहको क्षयीकरण पनि हो । त्यसका लागि पीडित व्यक्ति वा समुदाय मात्र होइन सिंगै राज्यका जिम्मेवार निकायका बीच सहकार्य, समन्वयन र सत्प्रयास जरुरी छ । त्यसैले भद्रपुर कारागारबाट उत्सर्जन भएको दूर्गन्धित फोहर तत्काल व्यवस्थापनमा स्थानीय सरकारले प्रभावकारी अग्रसरता लिनु पर्दछ । कलबलगुडीमा प्राप्त जग्गामा आवश्यक भौतिक संरचना निर्माण गरी कारागार स्थानान्तरण गर्दै विद्यमान असन्तुष्टि, असहजता र फोहरजन्य पीडाबाट स्थानीय पीडितलाई मुक्ति दिलाउनु पर्छ ।



गोविन्द खनाल

# मतदाता शिक्षाको प्रभावकारिता

लोकतन्त्र केवल शासन प्रणाली मात्र होइन। नागरिक चेतनाको प्रतिफल हो। नागरिकले आफ्नो अधिकार, कर्तव्य र जिम्मेवारीको सचेत रूपमा प्रयोग गरेमा मात्र लोकतन्त्र बलियो हुन्छ। निर्वाचन लोकतन्त्रको केन्द्रीय अभ्यास हो। यसलाई सार्थक बनाउने प्रमुख आधार निर्वाचन वा मतदाता शिक्षा हो। मतदाता शिक्षाबिना निर्वाचन केवल औपचारिक प्रक्रियामा सीमित हुन पुग्छ। जसले लोकतन्त्रको मर्मलाई कमजोर बनाउँछ। यही सन्दर्भमा २०८२ फागुन २१ को प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै देशैभर मतदाता शिक्षा कार्यक्रम अगाडि बढाउनु समयसापेक्ष र अपरिहार्य छ।

मतदाता शिक्षा मतदातालाई मतदान प्रक्रिया, निर्वाचन प्रणाली, मतपत्र प्रयोग गर्ने तरिका, गोप्य मतदानको महत्व, मत बदर हुन नदिने उपाय तथा आफ्नो मतले शासन व्यवस्थामा पार्ने प्रभावबारे जानकारी र चेतना प्रदान गर्ने समग्र शैक्षिक प्रक्रिया बुझिन्छ। यसको उद्देश्य कुनै राजनीतिक दल वा उम्मेदवारको पक्षपोषण गर्नु होइन। बरु नागरिकलाई स्वतन्त्र, सुझबुझ र जिम्मेवार निर्णय लिन सक्षम बनाउनु हो। सही मतदाता शिक्षा प्राप्त नागरिकले आफ्नो मतको मूल्य बुझ्छन्। लोकतान्त्रिक प्रक्रियामा अर्थपूर्ण सहभागिता जनाउँछन्। नेपालका विगतका निर्वाचन सम्बन्धी तथ्याङ्कले मतदाता शिक्षाको आवश्यकता अझ स्पष्ट पारेको देखिन्छ। निर्वाचन आयोगबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत सम्पन्न चार वटा निर्वाचनको तथ्याङ्क विश्लेषणका आधारमा सालाखाला रूपमा बदर मत प्रतिशत देहाय बमोजिम रहेको देखिन्छ।

- संविधानसभा सदस्य निर्वाचन, २०६४ मा कुल मतदाता एक करोड ७६ लाख ११ हजार आठ सय ३२ थिए। जसमा १०८६६१३१ मत खसेको थियो भने ५.१५ प्रतिशत मत बदर भएको थियो।
- दोस्रो संविधान सभा सदस्य निर्वाचन, २०७० मा कुल मतदाता १२१४७८६५ थिए। ९५१६७३४ मत खसेको थियो भने ४.९६ मत बदर भएको थियो।
- प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा कुल १५४२७९३८ मतदाता थिए। जसमा १०५९३९७१ मत खसेको थियो भने ५.१६ प्रतिशत मत बदर भएको थियो।
- प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ मा कुल मतदाता १७९८८५७० थिए। जसमा ११०४७०३४ मत खसेको थियो भने ५.१९ मत बदर भएको थियो।

माथि उल्लिखित नेपालका प्रमुख निर्वाचनमा बदर मतको प्रतिशत करिब पाँच प्रतिशत आसपास स्थिर रहेको देखिन्छ। २०६४ सालको पहिलो संविधान सभा निर्वाचनमा ५.१५ प्रतिशत बदर मत देखिनु नयाँ राजनीतिक व्यवस्था र मतदाताको अनुभव कमीको परिणाम मान्न सकिन्छ। २०७० सालको दोस्रो संविधान सभा निर्वाचनमा बदर मत घटेर ४.९६ प्रतिशतमा सीमित हुनु मतदातामा केही सुधार आएको सङ्केत हो। २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा बदर मत पुनः बढेर ५.१६ प्रतिशत पुग्नु निर्वाचन प्रणाली र मतपत्रको



जटिलतासँग जोडिएको देखिन्छ। २०७९ सालको निर्वाचनमा बदर मत ५.१९ प्रतिशतमा रहनुले उल्लेखनीय सुधार हुन नसकेको देखाउँछ। खसेको मतको संख्या बढ्दै जाँदा बदर मतको प्रतिशत लगभग स्थिर रहनु चिन्ताको विषय हो। यसले मतदाता शिक्षाको प्रभाव सीमित रहेको सङ्केत गर्छ।

निर्वाचन प्रणाली 'पहिलो हुने निर्वाचित हुने' भए पनि मत बदरको समस्या कायमै छ। यसले प्रक्रिया बुझाइ र व्यावहारिक प्रशिक्षण अभाव देखाउँछ। भविष्यमा लक्षित र व्यावहारिक मतदाता शिक्षा बिना बदर मत घटाउन कठिन देखिन्छ। विशेषगरी २०७९ सालको निर्वाचनमा बाँके, रोल्पा, सल्यान र जाजरकोट जस्ता जिल्लामा बदर मतको सङ्ख्या बढी हुनु शैक्षिक अवस्था, सूचनाको पहुँच र प्रभावकारी मतदाता शिक्षा अभावसँग जोडिएको देखिन्छ। यसैले मतदाता शिक्षालाई सामान्य कार्यक्रम होइन, लोकतान्त्रिक आवश्यकताका रूपमा स्थापित गर्छ।

विगतका निर्वाचनमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भए पनि ती कार्यक्रम प्रायः सीमित समय, सीमित स्रोत र औपचारिक ढाँचामा सीमित रहे। निर्वाचन नजिकिएपछि मात्र सञ्चालन गरिने यस्ता कार्यक्रमले ग्रामीण क्षेत्र, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक समुदाय तथा पहिलो पटक मतदान गर्ने युवालाई पर्याप्त रूपमा समेट्न सकेनन्। यस पटक बाल शिक्षा पढाउने शिक्षक परिचालन गर्ने विषयमा भएको छलफल सकारात्मक देखिन्छ। कार्यक्रमको गुणस्तर, सामग्रीको स्पष्टता र प्रभावकारी अनुगमन बिना यसले अपेक्षित परिणाम दिन सक्दैन।

मतदाता शिक्षा नागरिकका मौलिक हक र अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई मतदान गर्ने मौलिक हक प्रदान गरेको छ। अधिकार केवल कानूनी प्रावधानमा सीमित रहँदा मात्र सार्थक हुँदैन। नागरिकले आफ्नो अधिकार सचेत रूपमा प्रयोग गर्न सकेमा मात्र लोकतन्त्र बलियो हुन्छ। मतदाता शिक्षा मौलिक हकको व्यावहारिक अभ्यास हो। जसले नागरिकलाई अधिकारसँगै जिम्मेवारीबोध गराउँछ।

अन्तर्राष्ट्रिय अभ्यासले पनि मतदाता शिक्षाको महत्त्व पुष्टि गर्छ। विश्वका धेरै लोकतान्त्रिक मुलुकमा मतदाता शिक्षा दीर्घकालीन नागरिक शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरिएको छ। क्यानडामा विद्यालय तहदेखि नै नागरिक शिक्षा समावेश गरिनु, अस्ट्रेलियामा समुदायस्तरमा निरन्तर कार्यक्रम सञ्चालन हुनु तथा अस्ट्रिया र नर्वेमा डिजिटल माध्यमको व्यापक प्रयोग हुनु त्यहाँका प्रमुख अभ्यास हुन्। यी अनुभवले मतदाता शिक्षा निर्वाचनको समयमा मात्र होइन, निरन्तर चलिरहने प्रक्रिया हुनुपर्ने स्पष्ट सङ्केत गर्छन्।

मतदाता शिक्षामा राजनीतिक दलको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। दलहरूले आफ्ना कार्यकर्ता तथा समर्थकलाई सही मतदान प्रक्रिया सिकाउने र मत बदर नगर्न सचेत गराउने जिम्मेवारी लिनु पर्छ। मतदाता शिक्षाका नाममा दलगत प्रचार गर्नु लोकतान्त्रिक मूल्य र कानुनी मान्यताविपरीत हुन्छ। त्यसैले राजनीतिक दलको भूमिका तटस्थ, जिम्मेवार र सहयोगी हुनु पर्छ।

निर्वाचन आयोग मतदाता शिक्षाको प्रमुख जिम्मेवार निकाय हो। कार्यक्रमको मोडालिटी तय गर्ने, पाठ्य सामग्री विकास गर्ने, प्रशिक्षक परिचालन गर्ने र सम्पूर्ण प्रक्रियाको अनुगमन गर्ने दायित्व आयोगकै हो। यस पटक आयोगले कम बदर मत हुने गरी कार्यक्रम सञ्चालन गर्नु अपरिहार्य छ। त्यो लक्ष्य हासिल गर्न तथ्याङ्कमा आधारित योजना, जोखिम क्षेत्रको पहिचान र लक्षित कार्यक्रम अनिवार्य हुन्छ। आयोगले प्रदेशस्तरमा सञ्चालन हुने निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रमको समन्वय सुदृढ बनाउन विशेष निर्देशन जारी गर्नु आवश्यक छ।

स्रोत सामग्रीको तयारी, उत्पादन र वितरणमा गुणस्तरीयता सुनिश्चित गर्न केन्द्रीकृत योजना बनाउनु पर्छ। जिल्ला निर्वाचन कार्यालयद्वारा सञ्चालन हुने कार्यक्रमको अनुगमन र सुपरिवेक्षण नियमित रूपमा प्रभावकारी ढङ्गले गर्नुपर्नेछ। निर्वाचन शिक्षा तथा सूचना केन्द्रको व्यवस्थापन र सञ्चालनमा निरन्तर सुधार गर्दै पहुँच विस्तार गर्न सुझाव दिन सकिन्छ। स्थानीय तहमा सञ्चालन हुने विद्यालयस्तरीय र आम पहुँच कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न आयोगले प्रत्यक्ष निगरानी बढाउनु पर्छ। रेडियो, टेलिभिजन र डिजिटल माध्यममा प्रसारण हुने सामग्रीको प्रभावकारिता मूल्याङ्कन गर्न मापदण्ड निर्धारण गर्नु उपयुक्त हुनेछ।

सरकारको भूमिका नीतिगत तथा संरचनागत समर्थनमा केन्द्रित हुनु पर्छ। शिक्षा प्रणाली मार्फत दीर्घकालीन नागरिक शिक्षा प्रवर्धन गर्नु सरकारको दायित्व हो। नागरिक समाज र गैरसरकारी संस्थाले स्थानीय भाषा, संस्कृति र आवश्यकतालाई ध्यानमा राखी समुदायस्तरमा मतदाता शिक्षा फैलाउन सक्छन्। उनीहरूको पहुँच र विश्वास मतदाता शिक्षामा महत्त्वपूर्ण पूरक शक्ति बन्न सक्छ। डिजिटल युगमा सामाजिक सञ्जालको भूमिका झन् प्रभावकारी भएको छ। सही सूचना प्रवाह, भ्रम निराकरण र युवा मतदातासँग प्रत्यक्ष संवादका लागि सामाजिक सञ्जाल उपयोगी माध्यम हो। सामाजिक सञ्जाल प्रयोगको व्यापकतासँगै सही सूचना कुन हो भनी पहिचान गर्न मतदाताका लागि चुनौती बनेको छ। चुनौती न्यूनीकरणका लागि स्वयम् जिम्मेवार बन्ने र नियमनको कडाइ र प्रभावकारिता आवश्यक छ। नत्र भ्रम र गलत सूचना फैलिने जोखिम निरन्तर रहन्छ।

मतदाता शिक्षालाई दीर्घकालीन र निरन्तर सञ्चालन गरी निर्वाचन प्रक्रिया, मतपत्र प्रयोग र गोप्य मतदानबारे सचेतना अभिवृद्धि गर्नुपर्छ। विद्यालय र विश्वविद्यालय स्तरदेखि नै नागरिक शिक्षा र मतदान अभ्यास समावेश गर्न आवश्यक छ। नमूना मतदान, कार्यशाला र सहभागितात्मक तालिममार्फत मतदाता अनुभव बढाउनु पर्छ। डिजिटल माध्यम, मोबाइल एप र सामाजिक सञ्जाल प्रयोग गरी सही जानकारी प्रवाह र भ्रम न्यून गर्न सकिन्छ। रेडियो, टेलिभिजन र स्थानीय भाषामा प्रचारप्रसारलाई लक्षित र व्यवस्थित बनाउनु प्रभावकारी हुन्छ।

राजनीतिक दल र समुदायलाई तटस्थ तर सहयोगी रूपमा प्रशिक्षण र जानकारी दिन प्रेरित गर्नुपर्छ। मतदान केन्द्रमा सरल, स्पष्ट र बोधगम्य निर्देशन र दृश्य सामग्री उपलब्ध गराउनु पर्छ। विशेष समूह पहिलो पटक मतदान गर्ने युवा, महिला, अपाङ्गता भएका व्यक्तिलाई लक्षित शिक्षा प्रदान गर्नुपर्छ। निर्वाचनका क्रममा अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीलाई सुदृढ पार्नु पर्छ। मतदाता शिक्षा, तालिम र सञ्चारमाध्यमको संयोजनले मात्र बदर मत न्यून र लोकतन्त्र सुदृढ गर्न सक्छ।

फागुन २१ को निर्वाचनमा देशभर दर्ता भएका एक करोड ८९ लाखभन्दा बढी मतदाता नेपालको लोकतान्त्रिक सम्भावनाको प्रतिविम्ब हुन्। ती मतदातालाई सचेत, सक्षम र जिम्मेवार बनाउन मतदाता शिक्षा अनिवार्य छ। मतदाता शिक्षा कुनै सहायक कार्यक्रम होइन। यो लोकतन्त्रको आत्मा हो। सचेत नागरिकबिना लोकतन्त्रको दिगोपन सम्भव छैन। मतदाता शिक्षै त्यो चेतनाको मूल आधार हो। *गोप*




# शरीरमा **भिटामिन बी–१२** कमी भएमा के हुन्छ ?

भिटामिन बी १२ हाम्रो शरीरको अत्यावश्यक पोषक तत्व हो। जब शरीरलाई पर्याप्त मात्रामा भिटामिन बी १२ प्राप्त हुँदैन वा शरीरले यसलाई राम्रोसँग अवशोषित गर्न सक्दैन, तब भिटामिन बी १२ को कमी बी १२ हुन्छ। भिटामिन बी १२ विशेष गरी मासु, अण्डा, माछा, दूध जस्ता पशुजन्य उत्पादनहरूमा पाइन्छ। यसले शरीरको रक्तकोष, स्नायु कोषलाई स्वस्थ राख्ने र डीएनएको निर्माण गर्ने महत्त्वपूर्ण भूमिका खेल्छ।

**भिटामिन बी १२ को कमीका मुख्य कारणहरू**

**आहारको कमी :** पशुजन्य स्रोतबाट मात्रै प्राप्त हुने भएकाले शाकाहारीहरूमा भिटामिन बी १२ को कमीको जोखिम उच्च हुन्छ। शुद्ध शाकाहारी वा भेगन भोजन लिने व्यक्तिहरूमा भिटामिन बी १२ कमीको सम्भावना बढ्छ।

**पाचन प्रणालीका समस्या :** ग्यास्ट्राइटिस, क्रोन्स रोग, सेलिएक डिजिज जस्ता पाचन समस्याले पेट र आन्द्राले भिटामिन बी १२ अवशोषित गर्ने क्षमता घटाउँछ।

**हानिकारक रक्तअल्पता :** यो दुर्लभ अवस्थामा शरीरले इन्टेरिनिक फक्टर बनाउन छोड्छ, जुन भिटामिन बी१२ पचाउन जरुरी हुन्छ।

**पेट र आन्द्राको शल्यक्रिया :** पेट वा आन्द्राको सर्जरीपछि अवशोषण प्रक्रियामा समस्या आउन सक्छ।

**उमेर :** बुढ्यौलीमा पेटको अम्ल घट्छ र भिटामिन पचाउन गाह्रो हुन्छ।

**भिटामिन बी १२ को कमीका लक्षणहरू**

- अत्यधिक थकान र कमजोरी
- छाला पहेँलो देखिनु
- जिब्रो दुख्ने र रातो हुने
- वाकवाकी लाग्नु वा बान्ता हुनु
- तौल घट्नु
- हातखुट्टामा सुन्निने वा झमझमाउने
- दृष्टि कमजोर हुनु
- स्मरणशक्ति कमजोर हुन थाल्नु
- हिँड्दा सन्तुलन गुम्नु
- डिप्रेसन र चिडचिडापन
- व्यवहारमा परिवर्तन
- अनावश्यक डर वा उदासी

यी लक्षणहरू देखापरेमा तुरुन्त चिकित्सकसँग परामर्श गर्नुपर्छ।

**भिटामिन बी १२ को कमी कसरी पत्ता लगाउने ?**

भिटामिन बी १२ को कमीको निदान सामान्यतया रगत परीक्षण मार्फत गरिन्छ। यदि रगतमा भिटामिन बी १२ को स्तर प्रति मिलिलिटर १५० पिको ग्राम भन्दा कम छ भने चिकित्सकले भिटामिन बी १२ को कमी भएको ठहर गर्छन्।

**भिटामिन बी १२ पाइने प्रमुख स्रोतहरू :**

**माछा तथा समुद्री स्रोतहरूमा :** माछा तथा समुद्री स्रोतहरूमा भिटामिन बी १२ प्रशस्त मात्रामा पाइन्छ।

**मासु :** जनावरको मासुमा भिटामिन बी १२ प्रशस्त हुन्छ, विशेष गरी भित्रि अङ्ग (जस्तै कलेजो)मा। मासु नियमित रूपमा खाने व्यक्तिमा बी १२ को कमी हुने सम्भावना कम हुन्छ।

**अण्डा :** अण्डाको पहेँलो भागमा बी १२ हुन्छ। हप्तामा ३-४ वटा अण्डा खाँदा आंशिक आवश्यकता पूरा गर्न सकिन्छ।

**दूग्धजन्य पदार्थहरू :** दूध, दही, घ्यू र चिज जस्ता दूग्धजन्य खाद्य पदार्थहरूमा बी १२ पाइन्छ।

**फोर्टिफाइड फूड्स :** केही खानेकुरा उत्पादनहरूमा अतिरिक्त बी १२ मिलाइएको हुन्छ। जस्तैः फोर्टिफाइड ब्रेड, फोर्टिफाइड ब्रेकफास्ट सिरियल, सोया वा बदाम दूध। यी विशेषगरी शाकाहारीहरूका लागि उपयोगी छन्।

**सप्लिमेन्ट्स (पूरक) :** यदि खानाबाट पर्याप्त बी १२ पाइँदैन भने डाक्टरको सल्लाह अनुसार बी १२ सप्लिमेन्ट (ट्याब्लेट, क्याप्सुल वा इंजेक्शन) प्रयोग गर्न सकिन्छ।

यदि तपाईं शुद्ध शाकाहारी हुनुहुन्छ भने बी १२ को प्राकृतिक स्रोतहरू सीमित हुन्छन्। त्यसैले, फोर्टिफाइड खानेकुरा रोज्नुस्। बी १२ सप्लिमेन्ट नियमित सेवन गर्न डाक्टरसँग परामर्श लिनु उपयुक्त हुन्छ।

**भिटामिन बी १२ को कमीको उपचार**

**मौखिक पूरक :** हल्का कमीमा भिटामिन बी १२ ट्याब्लेट वा क्याप्सुलबाट उपचार थालिन्छ।

**इन्जेक्सन :** गम्भीर कमी वा अवशोषणमा समस्या भएकालाई मांसपेशीमा भिटामिन बी १२ इंजेक्सन दिइन्छ।

**नाक स्प्रे वा जेल :** पाचन समस्या भएका व्यक्तिका लागि विकल्प स्वरूप नाकमार्फत भिटामिन बी १२ दिन सकिन्छ।

भिटामिन बी १२ को कमी साधारण समस्या होइन। यसको असर शरीरको प्रत्येक अंगमा पर्न सक्छ र दीर्घकालीन समस्याहरू निम्त्याउन सक्छ। सही समयमा परीक्षण र उपचारले समस्या समाधान हुन्छ र पूर्ण रूपमा निको हुन सकिन्छ। त्यसैले लामो समयसम्म थकान, स्मरणशक्ति कमजोर, झमझमाहट जस्ता लक्षण देखिएमा तुरुन्तै चिकित्सकसँग परामर्श लिनु बुद्धिमानी हुन्छ। आफ्नो आहार र जीवनशैलीमा ध्यान दिई भिटामिन बी १२ को स्तर सन्तुलित राखौं र स्वस्थ जीवन बिताऔं।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** आज तपाईलाई भाग्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हुनेछ, धैर्य गर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** पती, पत्नीबीच सद्भाव बढ्ने छ, समयमै विशेष काम फत्ते हुनाले सन्तान पक्षबाट शुख मिल्नेछ, शुभ समय आएको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा रमाइलो माहौल रहला, छिमेकमा कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, अकस्मात धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** आजबाट तपाईको मनमा भएको खटपटी तथा कार्यसिद्धीमा भएका बाधा अड्चन हट्ने समय आएको छ, स्वास्थ्यमा विशेष विचार पुऱ्याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय मिश्रित फलदायी छ, लामो समयदेखि टाउको तथा आँखा सम्बन्धीको समस्या हटेर जानेछ, सन्तानबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, पारिवारिक जमघट रमाइलो हुनेछ, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** नयाँ अवसरका बाटो खुल्नेछन्, अकस्मात पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

मिति २०८२/११/०४ सोमबारको
**सुनचाँदी मूल्य**

छापावाला
सुन प्रति तोला
रु. ३,०२,८००/-

चाँदी
प्रति तोला
रु. ४,८६०/-



गुन्द्री बुन्दै महिला : मोरङको बेलबारी–९ नलबारीमा गुन्द्री बुन्दै महिला । *तस्वीरः रासस*

# उपकरण प्रयोग गरेर जुट तयारी गर्न थालियो

**इटहरी, फागुन ४।** पूर्वी तराई क्षेत्रमा जुट अनुसन्धान केन्द्रले पछिल्लो समय बोक्रा छोडाउने उपकरणको प्रयोग गर्न थालेको छ ।

जुट अनुसन्धान केन्द्र इटहरीले अघिल्लो वर्ष मोरङमा उपकरण प्रयोग गरेर यसको शुरुवात गरेकामा यसपटक सुनसरीको देवानगञ्जमा उपकरण प्रयोग गरेको जानकारी दिइयो । जुट धुने मानिसको अभाव हुँदा उपकरण किसानलाई प्रोत्साहन गर्नकै लागि प्रदर्शनमा राखेर आवश्यक ज्ञान दिई बोक्रा छोडाउने प्रयोग गरिएको केन्द्रका प्रमुख सन्तोषराज त्रिपाठीले जानकारी दिए ।

अनुसन्धान केन्द्रका अनुसार पूर्वको तराईका जिल्लामा सात हजार हाराहारी हेक्टरमा जुट खेती लगाउँदा १० हजार हाराहारी मेट्रिक टन उत्पादन हुने गरेको छ । कृषि विकास मन्त्रालयको कृषि सूचना तथा प्रशिक्षण केन्द्रको बुलेटिनमा उल्लेख गरिए अनुसार आर्थिक वर्ष २०८०/८१ मा सात हजार दुई सय २० हेक्टर क्षेत्रफलमा जुट लगाउँदा दस हजार दुई सय २० मेट्रिक टन जुट उत्पादन भएको छ ।

पूर्वका जिल्ला मध्ये सबैभन्दा बढी सुनसरी र मोरङमै जुटखेती हुने गर्छ । यी बाहेक झापा, सिरहा, सप्तरी र उदयपुरमा पनि जुटखेती हुने गर्छ । अहिले नेपालमा उत्पादन भएको जुटले यहाँका उद्योगका लागि १० देखि १५ प्रतिशतसम्म धान्ने गर्छ । बाँकी ८५ देखि ९० प्रतिशत उद्योगका लागि चाहिने कच्चापदार्थ भारत र बङ्गलादेशबाट ल्याउने गरिन्छ । देशभर सञ्चालित ११ उद्योगमध्ये अहिले छ बन्द छन् ।

# खोटाङ उद्यमी कोसेली घर स्थानीय उत्पादन प्रवर्द्धन केन्द्र




**खोटाङ, फागुन ४।** महिला उद्यमी सङ्घ खोटाङका अध्यक्ष बिमला राईले सञ्चालन गरेको 'खोटाङ उद्यमी कोसेली घर' जिल्लाको स्थानीय उत्पादन प्रवर्द्धन गर्ने महत्वपूर्ण केन्द्रका रूपमा स्थापित हुँदै गएको छ ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाङ-३ बाम्राङकी उनले विस २०८० असोज ९ गते दिक्तेल बजारमा औपचारिक रूपमा कोसेली घर स्थापना गरेकी हुन् । सामाजिक सङ्घ-संस्था तथा राजनीतिमा समेत सक्रिय रहँदै आएकी अध्यक्ष राई वि.सं.२०७७ मा महिला उद्यमी सङ्घको अध्यक्ष निर्वाचित भएकी थिइन् ।

जिल्लामा स्थानीय उत्पादनलाई व्यवस्थित बजार आवश्यक रहेको महशुस गर्दै अध्यक्ष राईले कोसेली घर सञ्चालन गरेकी हुन् । शुरुवातमा सात हजार रुपैयाँ लगानी गरेर ३०-४० बट्टा अकबरे खुर्सानीको अचार उत्पादन गरेर कोसेली घर स्थापना गरेकी अध्यक्ष राईले दुई वर्ष नपुग्दै करिब ३५ लाख रुपैयाँ लगानी पुगेको जानकारी दिइन् ।

जिल्लाका दश स्थानीय तहमध्ये विशेष गरी केपिलासगढी गाउँपालिकाबाट बढी सामग्री खरिद गरिँदै आएको अध्यक्ष राईले बताएकी छन् । उक्त क्षेत्रमा मह, बाँस तथा काठजन्य सामग्री र विभिन्न खाद्यान्न उत्पादन हुने भएकाले त्यहाँबाट नियमित रूपमा सामग्री सङ्कलन गर्ने गरेको उनको भनाइ छ । यसका साथै हलेसी, दिक्तेल, रावाबेँसी, साकेला लगायतका क्षेत्रबाट पनि सामग्री ल्याइँदै आएको अध्यक्ष राई बताउँछिन् । स्थानीय किसानबाट सिँधै सामग्री खरिद गरी बिक्री गर्दा किसानलाई प्रोत्साहन मिलिरहेको उनले बताइन् ।

कहिलेकहीँ आर्थिक अभावका कारण सबै किसानको उत्पादन खरिद गर्न नसकिने तथा हाताहाती भुक्तानी गर्न कठिनाइ हुने चुनौती रहेको अध्यक्ष राईले जानकारी दिइन् । कोसेली घरमा गुन्द्रुक, किनिमा, सिस्नोको धुलो, कोदो तथा फापरको पिठो, मकैको च्याख्ला, गहत, कालो दाल, सिमी लगायत खाद्यवस्तु बिक्रीका लागि राखिएको छ ।

दिक्तेलस्थित किरातचोकमा सञ्चालित कोसेली घरमा सुकुटी, विभिन्न अचार, भिरमौरी तथा घर मौरीको मह, गाई-भैँसी तथा भेडाको घ्यू, कोलमा पेलेको तोरीको तेल, अकबरे खुर्सानीको अचार, घरेलु जाँड तथा रक्सी उत्पादनमा प्रयोग हुने मर्चा, जडीबुटीजन्य वस्तु तथा हस्तकलाका सामग्री पनि उपलब्ध रहेको जनाइएको छ । हस्तकलातर्फ बाँसबाट निर्मित डालो, नाङ्लो, थुन्से, फिपी, कोक्रो, कठुवा, ठेकी, काठका चिन्डो लगायत सामग्री बिक्रीमा राखिएका छन् ।

ढाकाको टोपी, कपासको धागोबाट बुनिएको कपडा, भेँडाको ऊनबाट बनेका लुकुनी, घुमराडी, चकटी लगायत सामग्री समेत बिक्रीका लागि उपलब्ध रहेको उनी बताउँछिन् । जिल्ला भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकले चिनोका रूपमा हस्तकलाका सामग्री खरिद गर्ने गरेका छन् ।

कोसेली घर सञ्चालनमा राज्यबाट अपेक्षित सहयोग नपाएको गुनासो गर्दै उनले वास्तविक रूपमा काम गरिरहेका उद्यमीहरूले अनुदान पाउनुपर्ने धारणा व्यक्त गरेकी छन् । स्थानीयस्तरमा उत्पादन हुने कोदोको रक्सीलाई व्यवसायिकीकरण गर्न स्थानीय सरकारले स्पष्ट नीति बनाउनुपर्ने उनको सुझाव छ ।

कोसेली घरलाई अझ व्यवस्थित बनाउँदै अनलाइन मार्फत बिक्री विस्तार गर्ने, थप कर्मचारी राख्ने तथा स्थानीय उत्पादनको ब्रान्डिङ र प्याकेजिङ व्यवस्थित गर्ने योजना रहेको अध्यक्ष राईले जानकारी दिएकी छन् । कोसेली घरलाई व्यवस्थित बनाउन उनले एकजना कर्मचारी राखेर मासिक तलब प्रदान गर्दै आएकी छन् ।

# प्रदर्शनरत कुन चलचित्रको कति कमाई ?

चलचित्र विकास बोर्डले हाल चलचित्र भवनमा प्रदर्शनरत नेपाली चलचित्रको व्यावसायिक विवरण सार्वजनिक गरेको छ । बोर्ड अन्तर्गत रहेको 'सिनेपा २ बक्सअफिस'ले प्रदर्शनरत नेपाली चलचित्रको गएको फागुन २ गते शनिबारसम्मको कारोबार सम्बन्धी विवरण सोमबार सार्वजनिक गरेको हो ।

गत माघ १६ गतेदेखि प्रदर्शन भएको चलचित्र 'आ बाट आमा'ले रू. चार करोड ८० लाख ९० हजार चार सय ८७ कमाई गरेको छ । मनोरञ्जनसँगै देश परिवर्तनको विषयलाई उठान गरेको उक्त चलचित्रका लागि कुल एक लाख ७६ हजार पाँच सय ५२ टिकट बिक्री भएका छन् । उक्त चलचित्रको कथा अधिकांश नेपालीको जीवनसँग जोडिएको अभिनेता पल शाहले बताए ।

उनले भने- 'मैले आफ्नो भूमिकाका विषयमा धेरै खुलाउन मिल्दैन किनकि त्यसले कथा बाहिरिने डर हुन्छ । तर, चलचित्रमा मैले चाहेको जस्तो भूमिका निर्वाह गर्ने मौका पाएको छु ।'

उक्त चलचित्रमा अभिनेता शाहसँगै विपना थापा, प्रदीप रावत, उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल, गजित विष्ट, बेगम नेपाली लगायत कलाकारले अभिनय गरेका छन् । चन्द्र पन्तले निर्देशन गरेको उक्त चलचित्रमा अभिमन्यु निरवीले संवाद लेखन, गम्भीर बिष्टले नृत्य निर्देशन र कोसिस क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमले सङ्गीत सिर्जना गरेका छन् ।

गत माघ २३ गतेदेखि प्रदर्शन भएको चलचित्र 'कुमारी'ले रू. ५६ लाख २११ कमाई गरेको छ । दिनेश राउतको निर्देशनमा तयार भएको उक्त चलचित्रका लागि कुल १७ हजार २५ टिकट बिक्री भएका छन् । अविशेक खड्का र आकृतिराज भण्डारीलगायतको अभिनय रहेको चलचित्रले अपेक्षाकृत व्यापार गर्न सकेन । जेन-जी पुस्ताको प्रेम कथा भनिएको चलचित्रले दर्शक समीक्षा राम्रो पाउन नसक्दा त्यसको असर व्यापारमा परेको देखिएको छ ।

गत माघ २३ गतेदेखि प्रदर्शन भएको चलचित्र 'रमिताको पिरती'ले रू. १९ लाख ४३ हजार पाँच सय ८८ कमाई गरेको छ । सुदीप्ता अधिकारीको निर्देशनमा तयार भएको उक्त चलचित्रका लागि कुल पाँच हजार नौ सय ३७ टिकट बिक्री भएका छन् । आना शर्मा, धिरज मगर, विनय श्रेष्ठ, समिर श्रेष्ठ लगायतका कलाकारको अभिनय रहेको उक्त चलचित्रले दर्शक समीक्षा राम्रो प्राप्त गरेता पनि व्यापार भने राम्रो गर्न सकेको छैन । गत माघ २३ गते प्रदर्शन भएका दुवै चलचित्रको व्यापार निकै न्यून भएको छ ।

# हिउँदे वर्षात नहुँदा किसान चिन्तित

**भोजपुर, फागुन ४।** हिउँदे वर्षात नहुँदा यहाँका किसान चिन्तित भएका छन् । गहुँ, जौ, आलु, तोरी लगायत बालीमा आवश्यक चिस्यान नपुग्दा बाली सुक्न थालेपछि किसान चिन्तित बनेका हुन् ।

भोजपुर नगरपालिका- ५ का बेनीबहादुर बिष्टले आकाशे पानीमा निर्भर बाली जोगाउन समस्या भएको गुनासो गरे । 'आशा गरेर रोपिएको बाली पानी नपाएर सुक्न थालेको छ' - उनी भन्छन्-'अब पनि पानी नपरे नोक्सानी हुने डर छ । हिउँदेबाली पानी अभावमा सुक्न थालेको अवस्था छ ।'

खेतीका लागि सिँचाइको पर्याप्त व्यवस्था नहुँदा समस्या थप जटिल बनेको छ । खोलानाला सुक्दै जानु र भूमिगत पानीको सतह घट्नुले सिँचाइ गर्न कठिनाइ भइरहेको किसान बताउँछन् । यस वर्ष समयमै पानी नपरे हिउँदे बालीको उत्पादन घट्ने किसानको भनाइ छ ।

कृषि ज्ञान केन्द्र भोजपुरका अनुसार खडेरीको असर जिल्लाभर देखिन थालेको छ । केन्द्रका प्राविधिकहरूले सम्भव भएसम्म वैकल्पिक सिँचाइ व्यवस्था अपनाउन र माटोमा चिस्यान जोगाउने उपाय अपनाउन किसानलाई सुझाव दिएका छन् ।

लामो खडेरीले हिउँदेबाली मात्र होइन, आगामी कृषिजन्य उत्पादन र किसानको जीवनस्तरमा समेत असर पार्ने चिन्ता बढ्दै गएको छ ।


**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्कः ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३–५३५९७३
बिर्तामोड, झापा

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

विशेषज्ञ डाक्टरहरूको सेवा अब
**कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरू :
– उच्च रक्तचाप (Blood pressure)
– सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
– वरिष्ठ मानसिक रोग विशेषज्ञ
– वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
– वरिष्ठ बाल रोग विशेषज्ञ
– स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३–५३२८४५)

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
**एल. बि. आर्ट**
बिर्तामोड–४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेऊ
फोन नं. ९८४४६८५६००, ९८१६०४९८००

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३–५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

**UAE मा रोजगारीको अवसर**
UNited International Group
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला ।
साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड–१, झापा, हिमरेश मार्ग
फोनः ९७०००६८५४०, ९८०१४५००३

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३–५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**होटल समृद्धि सुरुङ्गा**
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
**होटल समृद्धी**
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर
कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
– दाँतका सम्पूर्ण समस्याको समाधान
– आर्थोडन्टिक उपचार (braces)
– दाँत सफा गर्ने (Scaling)
– ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
– बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालि**लाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३–५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


## मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

### घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. ६ बस्ने श्री रामकाजी शर्मा कट्टेलले निजको नाममा दर्ता रहेको साविक मेचीनगर–१० हाल मेचीनगर–६ स्थित सत्य साई टोल सूर्योदय मार्गमा पर्ने कि.नं. ९४३८ क्षेत्रफल ०–०–१२ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री दमन कटुवाल/रणकुमारी लुईँटेल मिति २०८२/१०/२८ मा साँध–सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध–सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक मेचीनगर–१० हाल मेचीनगर–६ कि.नं. ९४३८ क्षेत्रफल ०–०–१२ | लम्बाई १५७०० मिटर चौडाई ९२२० मिटर उचाई २१०१० मिटर क्षेत्रफल ७७६.५८ व.मि. | पूर्व श्री बाटो पश्चिम श्री दमन कटुवाल उत्तर श्री विश्वराज गुरुङ दक्षिण श्री रणकुमारी लुइँटेल |